-घनश्याम खड्का

'ए पख'

गल्लीबाट सडकोन्मुख उसको आग्रह मतिर तेर्सियो । मलाई पर्खनुमा व्यवधान थिएन । पर्खिदिएँ । ऊ मछेउ आयो र 'कता?'को भङ्गिमाले हेर्‍यो क्यारे । जानु कतै थिएन, आँखैले मौन उत्तर दिएँ-यसै । हामी गफ गर्दै गल्लीबाट सडक पुग्यौं र सडकबाट टुँडिखेल ।

'बदाम खाऊँ ?' फेरि अर्को आग्रह गर्‍यो उसले । 'नखाऊँ होला, त्यति मन पर्दैन'-प्रतिउत्तरमा मेरा ओठ हल्लिए । प्रश्न त मेरो रित्तिएको गोजिसँगको थियो तर प्रकटमा रुचि छैन भनिदिएँ किस्सै खलास ।

बदाम उसैले किन्यो । मेरो अरुचिको गाँठो बुझ्छ क्यारे । प्रतिक्रियामा उसका ओठ नजानिँदो मिजासले गालासम्म च्यातिए । जे होस् एक माना बदाम दुई घण्टाको लागि 'टाइम किलर' बनेर देखापर्‍यो ।

त्यसबीचमा गफ चल्यो । ऊ साहित्यिक दख्खलयुक्त प्रवचन दिन सक्ने क्षमता राख्थ्यो । कालिदास, बर्नाड शदेखि सम्राट उपाध्यायसम्मका आन्द्राभुँडी उसलाई कण्ठस्थै ! बदामले खल्तीको व्यय गराए पनि मजस्तो दीर्घ श्रवणायु भएको स्रोता पाएकोमा उसले राहतानुभूति पक्कै गरेको हुनुपर्छ । छुट्टिने बेलामा त्यसका आँखा तृप्तिले बलेका थिए ।

हप्ता दशदिनपछि ऊसँग फेरि भेट भयो । त्यसबीचमा उसले कतै निजी पाठशालातिर चक घोट्ने मेलो बनाइसकेको रहेछ । पछि उसँग दिनहुँजसो भेट हुन थाल्यो । हल्लँदै टुँडिखेल पुग्नु र बदामसँगै समय कटाउनुमा हामीलार्य आनन्द थियो ।

एक शनिबार उसले मलाई आफ्नो घर लग्यो । उसकी एउटी बहिनी पनि रहिछ । परिचय भयो । आमाबाबु पनि उतिसाह्रो पट्टाइलाग्दा थिएनन् । उसको जिब्रो विश्रामावस्थामा आउन मुश्किल पर्दथ्यो भने मेरो चाहिँ चाल अवस्थामा आउने छेकछन्दै कम हुन्थ्यो । हामीबीच बढेको हिमचिम यसैल तथ्यको सापेक्षतामा अडेको छ भन्नुमा मलाई बाधा थिएन ।

मेरो तन्नम अवस्थासँग परिचय भए पनि ऊ मसँगै डुल्न चाहन्थ्यो भन्ने पुष्टि गर्ने प्रमाणहरु भेटिएको संकेत देखिन थालेपछि म त्यो गूढ रहस्य पत्ता लगाउन अन्वेषकझैं लागिपरें ।शरीरको रोगप्रतिरोधात्मक शक्ति एन्टिबायोटिकको प्रयोगद्धारा नष्ट हुनुसँग उसले मलाई रेष्टुराँमा दैनिक चियो पियाउनुको के तादात्म्य हुनसक्थ्यो ? म खोज्न थालें ।

भर्खरै ऊ मबाछट छुट्टिएर चक घोट्न हान्नियो । मेरा आँखा अगाडि मान्छेको सिलिङबिङ थियो । तथापि ममा एक्लो पनको भाव निक्ष्पत्ति हुनथालेको थियो । भिडमा एक्लो हुनुमै थियो सायद जीवनको रहस्य । ऊ नभए पनि मलाई टुँडिखेलमा बस्नुमा आनन्द थियो । टुँडिखेललाई घेर्ने फलामे तर, घुर्मैलो सडक, बग्रेल्ती मोटर,

मान्छे, चिच्याछटलाग्दा ध्वनि र अरु यस्तै शब्दले तस्बिर उतार्न नसकिने दुर्बोध्य दृश्यहरु । जम्मामा मैले दैसिनक जीवनमा अनुभूत गर्ने कुराहरु यिनै थिए ।

सामुन्ने डालामा बदाम दुलाउँदै गरेकी तरुनी देखापरी । हातको इशाराले कुन बेला डाकिएछ कुन्नि ? ऊ म भएतिर आई र सोधी- के चाहियो ?

बदामबाहेक आरु थाक पनि केर्हा छ जसरी पो सोधी यसले त ! त्सरी सोधिसकेपछि कम्तीमा एकमाना बदाम त किनिदिनुपर्ने हो तर स्थिति कतिसम्म मक्किएको भने दश रुपैयाँको प्रहारले पनि भाँचिएला जस्तो । के गर्नु ? केही त भनिदिनै पऱ्यो नि ! हाँसो ल्याउने हतप्रयत्न गर्दै मैले भने-बदामबाहेक अरु के के छ ?

पत्यूत्तरमा तरुनीले अनुहारभरि व्यापारिक लाज प्रसार गरेपछि पो बोध भयो- छि: झन् कस्तो कुरा सोधिएछ ! झटपट चिया खर्च कटाएर एक माना बदाम किने । तर प्लानीले अवकाश पाएको थिएन ।

ऊ नभएपछि यस्तै हुन्छ । यस्तै समयमा एउटी प्रमिकाको आविष्कार गर्ने जङ चल्यो भने त्यसलाई प्रकृतिइतर कसरी भन्नु !

उही चौर, उही बदामवाली र उही एक्लोपनको अनुभूति । पुरानै कुराको पुनरावृत्ति हुने छाँटबाट पो गुज्रन्छ समय त ! बदामवालीसँग हिमचिम यति बढेछ कि त्यसले मलार्य उधारो बदाम समेत पनि पत्याउन थाली । बदाम नभए्र अब मेरा लागि बदामवादी टाइमकिलर बनेर देखापरी भन्नुमा के आश्चर्य जब ऊसँग बात मार्दै र बदाम खाँदै घाम डुब्नु सहज लाग्थ्यो भने !

बिहान कलेज जान, दिउँसो टुँडिखेलतिर रल्लिनु र शनिबार चक घोटुवासँग रेष्टुराँतिर छिर्नु नै मोरो हकमा जीव्न थियो । कोठामा खाना बनाउने टन्टाले कुनै सस्तो रेष्टुराँतिर महेरो भान्छा सम्पन्न हुने गर्थ्यो । एक प्रकारले म बन्धनमूक्त थिएँ र जीव्न टुकुचाको पानीझैँ शुष्क थियो ।

एक शनिबार ऊ उदास भएर देखापऱ्यो मेराअघिल्तिर । पछि थाहा भयो- उसकी बहिनी पोइल हिँडिछ । यो सुनेर म विचलित हुनुपर्ने कारण त थिएन अपितु एकाएक रिक्तपनको अनुभव के आफैंमा एउटा कारण हुन सक्दैन ?

ज्यास्ती पीरले गर्दा ऊ रमको बोतल उघार्ने मुद्रामा प्रकट भयो । रमझमको मामिलामा आफू कुमार मान्छे । कौमार्य भङ्ग हुँदा दुःख लाग्यो । यो अनुभूति मभित्र अझै कतै छ परन्तु फगट्या आइलाग्या कुरा अस्वीकार गर्ने मेरो बानी थिएन । रेष्टुँरामा चिया-कफि होइन मदिरासँगको चिनजान सघन भयो भन्नुपर्छ त्यस दिनदेखि ।

बदामवालीसँग उधारो खाएको बदामको हिसाब गर्दा निक्लेको अङ्कले आफैंलाई लाज लाग्यो एकदिन । लाजले गर्दा पाँचसात दिन उसको अघिल्तिर पर्ने आँटै भएन । लामो प्रयत्नपछि सयको एउटा नोट लिएर पुगेँ म बदामबाली भेट्न ।

अचम्म ! स्थायी ठेगाना नै टुँडिखेल भन्दा हुने बदामवाली त्यस दिन देखै परिन । थाहा छभैन, कुन अभिलाषा पालेको थिएँ मैले आँखाहरुमा, जसले गर्दा बदामवालीलार्य पहिलेभ्कैँ टुँडिखेलमै भेट्ने रहर जाग्यो मनभित्र । त्यही रहरले होग, भन्न सक्दैन म थप तीनचार दिन रुँगेर बसेँ टुँडिखेलमा तर ऊ देखै परिन । मैले उसको उधारो बदामको पैसा तिर्नु थियो । यस अर्थमा उसको पलायनता मेरानिम्ति सुखदै हुनुपर्ने हो । परन्तु किन दुख्छ मन वृथामा । सायद मन हुनुको परिणति होला ठाउँ कुठाउँमा दुख्नु ।

एक साँझ चक घोटुवाले निम्तो दियो-आफ्नो जन्मदिनको अवसर पारेर डिनर, डिनर के भनूँ भातको लागि । म सहर्ष पुगेँ उसकोमा । कम्तीमा एक छाक त टऱ्यो ! कहिले कहिँ त लाग्छ-यो बेसाहारा जिन्दगीमा आफूले चिनेजानेकाहरुको जन्मदिवस सधैँ आइरहोस । तब पो मज्जा । आफूले त चौबिसौं हिउँद काटियो अपितु जन्मदिवशको अवसरमा मैन बाल्नु त के, फेसनको शब्द,‘ह्प्पी बर्थ डे टु यु’सम्म पनि कसैले भनिदिएको थाहा छैन जीवनमा ।

म दिरुद्देश्य आकाशेपुल चढ्दै थिएँ, एउटी आम शहरिया सुन्दरी जसलाई अतिरञ्जनामा ‘परी’ भन्न सकिन्छ को आँखा मेरा आँखामाथि परे । जीव्नमा कुनै चपलाले त्यसरी हेरेको अनुभव थिएन आफूलाई । तब म आश्चर्यले पुलकित हुनुमा आश्चर्य थिएन । त्यो केही नजिक आई र ‘के छ’ को भावले हेरेर फिस्स हाँसी । प्रतिउत्तरमा म हाँस्न सकिन । आश्चर्यमा हाँसो सम्भव थिएन सायद । त्यो झुक्किएझैं गरी त्यहाँबाट हिँडी ।

नचिनेको मानिसलाई हेर्नु अलग कुरा हो तर मुस्कुराउनु अपरिचितका अगाडि गाह्रो हुन्छ भन्ने बोक्रे सिद्धान्तले म त्यस तरुनीउपर घोत्लिन थालेँ । जति घोत्लियो उति त्यस षोडषीको मुखाकृति प्रष्ट लाग्ने क्रममा मानसपटलमा एउटा तस्बिर देखापऱ्यो । अहो बदामवाली ! त्यो सुन्दरी मैले चिनेको बदामवाली ‼ चुनाव जितेको ख्याउटे नेता फेरिएझैँ कसरी फेरिई हँ त्यो एकाएक ?! जे होस् केटी असलै हो, कम्तिमा बिर्सिएकी त रहिन छ नि । उसको त्यो उत्तरआधुनिक परिधाम धेरै पछिसम्म मनमा गडिरह्यो र म त्यसलाई सम्झेर इर्ष्या र आनन्द एकै साथ अनुभव गर्न थालेको थिएँ ।

उमेर र महङ्गी बेजोडसँग बढिरहेको थियो जीवनमा । प्रष्ट छ साथमा निस्सारता र एक्लोपन टाँसिएको थियो मनभरि । अहिलेजस्तै तिनताक पनि म फुर्सदिलो थिएँ । परीक्षा सकियो । कलेज जानु थिएन । अक्सर चक घोटुवासँग रेष्टुराँमा बित्ने गर्थे मेरा साँझहरु । फुर्सदमा(व्यस्त त म जिन्दगीमा कहिल्यै भइन) कतै डुल्ने इच्छा मर्दै थियो मनभित्र । चौडा छाती पारेर लमतन्न सतिरहेका सडक छन् चारैतिर । कता मात्रै जानू !

जागिर खोज्नु र परीक्षा दिनु एउटा लतजस्तो भएको थियो । म कि जागिरको लागि दरखास्त लेखिरहेको हुन्थेँ कि परीक्षाको तयारी र त्यसपछि परिणाम कुरेर

बसिरहेको भेटिन्थेँ । यही आपाधापीमा परीक्षाफल निस्किएको थियो एम ए अन्तिम वर्षको । उत्तीर्ण हुनेको सूचिमा मेरो नाम पनि थियो जसले गर्दा बितेका वर्षमा जस्तै एउटा स्वभाविक उत्साह टुसाउनु पर्ने मो मभित्र । तर मन त तठस्तसम्म पनि थिएन । यतिञ्जेल त पढ्ने निहुँले राजधानी बसियो, स्नातकोत्तर सकियो । अब नि ?

आठआठ वर्षपछि फर्कँदा गाउँका लागि आफू त नयाँ मान्छे । कतै मुडमेडमा.....। यसभन्दाअगाडि मैले सोच्न सकिन । मोरो चक घोटुवालाई पाठशालातिर यसो 'भ्याकेन्सी' बुझ्न भनेको पनि खोइ अनुरोध परिणाममुखी भएन । अब के गर्ने भन्ने प्रश्नले घाँटी अठ्याएको थियो र म सपनामा पनि निसास्नि थालेको थिएँ ।

यस्तोमा घरबाट चिठ्ठी आएको थियो । खोलेर हेरेँ । पुरानै कुराको पुनरावृत्ति बाहेक नयाँ केही थिएन ।

चिठ्ठीको जबाफ दिनु थियो । यही समस्याले मलाई अरु बढी निरास तुल्याएको थियो । आखिर लेख्न योग्य कुरो पनि त हुन पर्‍यो नि केही ! 'के लेखूँ' को मिजासले शून्यमा टोलाउनु र विपश्यना साधना गरी मनलाई निर्विकार केन्द्रिभूत गर्नु उस्तै उस्तै पो लाग्न थाल्यो मलाई त !

धेरै दिनको प्रयत्नपछि साहस गरेर एउटा चिठ्ठी लेखिसिध्याएँ । चिठ्ठीमा म केही नयाँ कुरा लेख्न चाहन्थेँ यद्यपि त्यस्तो भएको चाहिँ केही थिएन । तथापि लेखेको थिएँ-जागिर पाएँ । अब पैसा नपठाइयोस.......आदि । मनामा थोरै सन्तोष भने लाग्यो ढाँटेरै भए पनि चिठ्ठी लेख्न सकेकोमा । मेरो अनुमान थियो-लगातार पैसा पठाउन परेर मेरो पढाइप्रति नै उदासीन भएका बाबु र दाजुलाई यसपटकको चिठ्ठीले अतुल खुसी दिनेछ ।

पत्रमञ्जुषामा चिठ्ठी खसालेपछि अगाडिको व्यस्त सडकमा हेलिएँ म । मनमा एउटा अमूर्त र अस्पष्ट वाक्याशं गुञ्जियो-अब घरबाट कहिल्यै पैसा आउने छैन । हुलमुल र कोलाहालबीच पाइलाहरु छिटोछिटो अगाडि बढिरहेका थिए । तर जानु कतै थिएन ।

*समाप्त*